परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिको इ-पेपर www.crimeoperation.com.np मा लगइन गरी हेर्न सम्पूर्ण महानुभाव हरुमा हार्दिक अनुरोध गरिन्छ । सम्पादक

❑ वर्ष १० ❑ अंक ३ २०७८ श्रावण २४ गते आईतवार Sunday 8, AUG 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## परिक्षामा नक्कली परिक्षार्थी

विराटनगर। १ नं. प्रदेश प्रहरी तालिम केन्द्र रानी, विराटनगरमा संचालित प्रहरी जवान पदको परीक्षामा सहभागी नक्कली परिक्षार्थीहरुलाई प्रहरीले पक्राउ गरेका छन्।

पक्राउ पर्नेहरुमा जिल्ला भोजपुर पौवादुङ्मा गाउँपालिका वडा नं.-६ बस्ने वर्ष २३ को सुर्य राई, पौवादुङ्मा गाउँपालिका वडा नं.६ बस्ने बर्ष १९ को सागर राई, बर्ष २२ को संगम राई, जिल्ला धनकुटा साँगुरीगढी गाउँपालिका वडा नं.८ बस्ने बर्ष १९ को सरोज राई रहेका छन्।

त्यसैगरी जिल्ला धनकुटा शहिदभूमि गाउँपालिका वडा नं.३ वस्ने बर्ष २१ को खपाङ राई,साँगुरीगढी गाउँपालिका वडा नं.८ बस्ने बर्ष २७ को राज कुमार राई रहेका छन्। ती ६ जनालाई पक्राउ गरी आवश्यक अनुसन्धान अगाडी बढाईएको छ।

प्रारम्भिक अनुसन्धानको क्रममा जिल्ला भोजपुर पौवादुङ्मा गाउँपालिका वडा नं.६ बस्ने बर्ष २३ को सुर्य राई भन्ने व्यक्तिले प्रहरी जवान पदमा नयाँ भर्ना गराई दिन्छु भनि जिल्ला भोजपुर पौवादुङ्मा गाउँपालिका वडा नं.६ बस्ने बर्ष २२ को संगम राईबाट नगद रू.१ लाख १८ हजार, जिल्ला भोजपुर पौवादुङ्मा गाउँपालिका वडा नं. ६ बस्ने बर्ष १९ को सागर राईबाट नगद रू १ लाख अठार हजार र जिल्ला धनकुटा साँगुरीगढी गाउँपालिका वडा नं.८ बस्ने बर्ष १९ को सरोज राईबाट नगद रू. २ लाख लिएको खुल्न आएको छ।

उक्त कार्यमा संलग्न ६ जनालाई १ नं. प्रदेश प्रहरी तालीम केन्द्र रानी विराटनगरले पक्राउ गरी आवश्यक कानूनी कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय मोरङमा बुझाईएको थियो।

जिल्ला प्रहरी कार्यालयवाट

बाँकी अन्तिम पेजमा...

## भारतीय सुरक्षाकर्मीको अवरोधका कारण नेपाली भूमिको सडक नाला निर्माण कार्य ठप्प

विराटनगर। नेपाली भूमिमा पानी निकासाको लागि निर्माण भईरहेको नाला भारतीय सुरक्षाकर्मीको अवरोधका कारण निर्माण कार्य नै ठप्प भएको छ।

विराटनगर महानगर पालिका वडा नं. १७ इस्लामपुर पानी निकासको लागि सडकमा वनाउन लागेको पक्कको नाला वनाउन लाग्दा भारतीय सुरक्षाकर्मीले नेपाली जनतालाइ मार्ने धम्की दिदैं निर्माण कार्यमा रोक लगाएको छ।

भारतीय बजार जोगवनीबाट वगेर आएको पानी र नेपाल भूमिमा वसोवास गरेका आम नेपालहरुलाई डुवानवाट वचाउनका लागि निर्माण गर्न लागेको पक्की नाला नेपाल भारतको पीलर भन्दा २० मिटर पूर्व रहेको भएतापनि भारतीय सुरक्षकर्मीको अवरोधका कारण निर्माणको काम ठप्प भएको छ।



भारतीय सुरक्षाकर्मीले रोक लगाएको नेपाली भूमि विराटनगर वडा नं. १७ इस्लामपुरको सडक नाला।

इस्लामपुर वस्तीमा नाला निर्माण गर्न खोज्दा भारतीय सिमा सुरक्षा बल (एसएसबी) ले अवरोध गरेको छ।

नाला निर्माणको कामलाई भारतीय सिमा सुरक्षा बलले अवरोध गरेपछि वर्षायाममा भारततर्फबाट आएको पानीको निकास नहुँदा सो स्थानमा डुवानसमेत हुने, पानी जमेर अनेकन रोगहरु फैलिने गरेको स्थानीय उपभोक्ता समितिका अध्यक्ष समसुल होदा मियाले वताए।

डुवानबाट जोगाउनका लागि नेपालभित्र इस्लामपुरमा पक्की नाला निर्माणको काम सुरु भए

बाँकी अन्तिम पेजमा...

## फेसबुकमा अश्लिल शब्द लेख्ने प्रहरीको फन्दामा

विराटनगर। सामाजिक संजालमा (फेसबुकमा) अश्लिल शब्द लेखि बदनाम गर्न खोज्ने एकजना प्रहरीको फन्दामा परेको छ।

घटना विवरण अनुसार मोरङको उर्लाबारी नगरपालिकाकी उपमेयर लक्ष्मीदेवी भण्डारीको फोटो राखेर फेसबुकमा अश्लिल शब्द लेख्ने उर्लाबारी नगरपालिका वडा नं. ४ का ३३ वर्षीय युवराज खरेल रहेको प्रहरीको फन्दामा परेको छ।

अश्लिल शब्द प्रयोग गर्दै फेसबुकमा उपमेयर भण्डारी विरुद्ध तथानाम गाली गरेको पाइएपछि इलाका प्रहरी कार्यालय उर्लाबारीका प्रहरी निरीक्षक राजाराम खड्का नेतृत्वको टोलीलाई पक्राउ गरेर खरेललाई कानुनी कारबाहीको दायरामा ल्याएको छ। खरेल विरुद्ध भण्डारीले प्रहरीमा किटानी जाहेरी दिएको थियो।

भेटेका ठाउँमा र बाटोमा एवं फेसबुक मार्फत पनि गाली-गलौज गर्ने गरेको कुराहरु जाहेरीमा खुलाएर किटानी जाहेरी दिएको थियो। प्रहरीले खरेल विरुद्ध अभद्र व्यवहार मुद्दा चलाउन जिल्ला प्रशासन कार्यालय मोरङबाट म्याद थप गरेर घटनाको अनुसन्धान थालेको छ।

खरेलको परिवारमा श्रीमान-श्रीमतीबीच लामो समयदेखि झगडा भइरहेको उपमेयर भण्डारीले वताए। श्रीमतीलाई कुटपिट गर्ने र घर निकाला समेत गर्ने गरेपछि समस्या समाधानका लागि नगरपालिकाको न्यायिक समितिमा दुई/तीन पटक छलफल गरिएको उहाँको भनाइ छ।

उहाँका अनुसार न्यायिक समितिमा झगडा नमिलेपछि खरेलले श्रीमतीसँग सम्बन्ध विच्छेद गरेका

बाँकी अन्तिम पेजमा...

## ७ सय ६५ जनामा कोरोना संक्रमण पुष्टी

विराटनगर। प्रदेश १ मा शनिवार ७६५ जनामा कोरोना संक्रमण पुष्टी भएको छ। १ हजार ५ जनाको पीसीआर परीक्षणगर्दा ३१२ र १ हजार ४३४ जनाको एन्टिजेन परीक्षणगर्दा ४५३ जनाको रिपोर्ट पोजेटिभ आएको छ।

सामाजिक विकास मन्त्रालयका अनुसार पीसीआर परीक्षणको आधार मा मोरङमा १००, झापामा ८८, सुनसरीमा ७८, पाँचथरमा १५, धनकुटामा १४, इलाममा १३, तेह्रथुम र उदयपुरमा २-२ जनामा संक्रमण देखिएको छ।

मोरङको लेटाङमा ४४, केर ाबारीमा १८, विराटनगरमा १७, पथरीशनिश्चरेमा ९, सुन्दरहरैचा, उर्लाबारी र बेलबारीमा ३/३, बुढीगंगा, रतुवामाई र स्थानीय तह नखुलेका १/१, झापाको दमकमा २१, भद्रपुरमा १३, मेचीनगरमा १०, विर्तामोडमा ८, शिवसताक्षी, कमल गाउँपालिका र बुद्धशान्तिमा ७/७, अर्जुनधारामा ६, गौरादहमा ५, गौरीगञ्जमा १,स्थानीय तह नखुलेका ३ रहेको छ।

बाँकी अन्तिम पेजमा...






क्राईम अपरेशन
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.नं. ०१/०७३/७४

## कालो...

गोलाप्रथाद्वारा न्यायाधीशबीच मुद्दाको बाँडफाँट गर्ने अभ्यासको सिफारिस गरिएको छ। यसरी प्रतिवेदनको लक्ष्यसम्म पुग्न संविधान, कानुन र सर्वोच्च अदालत नियमावलीमा भएका व्यवस्थासमेत संशोधन गरेर स्वचालित प्रणालीमा पुग्नुपर्ने अवस्था आएको छ ।

भोलि तिनमा पनि आउने समस्या, तिनले निम्त्याउने अप्ठ्याराका विषयमा समेत प्रयोगपछि नै समाधानको उपाय खोजिएला तर अहिलेका समस्याबाट पार पाउन प्रतिवेदनमा दिइएको सुझाव नै एकमात्र उपाय बन्न पुगेको छ। भारतीय सर्वोच्च अदालतमा समेत केही वर्षअघि प्रधानन्यायाधीशको मुद्दा तोक्ने अधिकारमाथि गंभीर प्रश्न नउठाइएको होइन। तर प्रधानन्यायाधीशको अधिकारका विषयमा समेत दायर भएको मुद्दामा त्यहाँको सर्वोच्च अदालतबाट मुद्दाकै रोहबाट प्रधानन्यायाधीशको अधिकार नखोसिएको र यथावत राखिएको अवस्था छ। प्रधानन्यायाधीश 'मास्टर अफ रोस्टर' का रूपमा रहेकाले र प्रधानन्यायाधीश 'फ्रस्ट जज' अर्थात 'फ्रस्ट एमोङ अल जजेज' का रूपमा काम गर्ने भएकाले उनलाई विश्वास गरिँदै आएको पाइन्छ ।

आज देखिएको प्रधानन्यायाधीशप्रतिको अविश्वास भोलि अर्को कुनै व्यक्तिमा नदेखिएला भन्न सकिन्न तर पनि वर्तमानको समस्या समाधानको विकल्पका रूपमा यो देखा परेको छ। भोलिका दिनमा मेसिनले गर्ने कमजोरीलाई देखाएर मानवीय त्रुटिको उन्मुक्ति लिने दिन पनि नआउलान् भन्न सकिँदैन। जबसम्म प्रत्येक व्यक्ति र निकाय आफैँप्रति इमान्दार बन्ने, आफैँभित्रबाट नियन्त्रित हुने संयन्त्र विकास हुँदैन तबसम्म न्यायालयमा देखिएका सबै समस्याको समाधान संभव छैन र प्रतिवेदनकै कार्यान्वयनले समेत जादुको छडीका रूपमा काम गर्ने छैन ।

न्यायालयमा देखिएका गंभीर समस्या समाधानका लागि न्यायाधीशहरूको पुनर्नियुक्ति, न्याय सुधार आयोगको गठन र सोसँग सम्बन्धित अनगिन्ती कानुन निर्माण अति जरुरी भइसकेको छ। न्यायाधीशहरू सम्मिलित समितिले तिनको पुनर्नियुक्तिको विषय उठाउन व्यावहारिक हिसाबले समेत अप्ठ्यारो हुन सक्थ्यो तर न्यायालयमा सुधारको इमान्दार प्रयास पुनर्नियुक्तिपश्चात् मात्रै सम्भव छ ।

प्रतिवेदन समस्या समाधानको एउटा उपाय त हो तर प्रतिवेदनमा जति कुरा औंल्याइएका छन् त्यसबाट हाम्रो न्यायालयमा कस्ता कस्ता धब्बा रहेछन् भन्ने पनि पुष्टि भएको छ। यी धब्बा नहटेसम्म लामो समय यो प्रतिवेदन उद्धृत गरिने, प्रतिवेदनका आधारमा न्यायालय विरुद्ध भाषण गरिने र प्रतिवेदनलाई सिरानी हालेर न्यायालयमाथि प्रहार गरिनेछ। सुधार अभियान भएकाले न्यायालयले समेत ती कुरामा अन्यथा भन्नुपर्ने दरकार छैन। यतिबेला कालो कोटमाथि रहस्यमय ढंगले प्रश्न उठेको छ- प्रतिवेदन त तयार भएको छ तर यसको वास्तविक कार्यान्वयन पनि होला ? नागरिकबाट

## परिक्षामा...

शिक्षा ऐन २०२८ को दफा १७ को १ (क) बमोजिम परीक्षा सम्बन्धी कसूरमा जिल्ला प्रशासन कार्यालय मोरङबाट दिन ५ को म्याद लिई थप अनुसन्धान कार्य भई रहेको छ

## फेसबुकमा...

थिए । त्यसपछि खरेलले फेसबुकमा फोटो राखेर आफू विरुद्ध विभिन्न अश्लिल कुरा लेख्ने र भेटेका ठाउँमा समेत गालीगलौज गर्दै हैरान पार्न थालेको भण्डारीको भनाइ छ ।

## ७ सय...

त्यसैगरी सुनसरीको धरानमा ६२, इटहरीमा ११, बराहक्षेत्रमा ३, इनरुवा र स्थानीय तह नखुलेका १/१, पाँचथरको फिदिममा १२, कुम्मायक, हिलिहाङ र फालेलुङमा १/१, धनकुटाको धनकुटा नगरपालिकामा ७, छथर जोरपाटीमा ३, शहिदभूमीमा २, चौवीसे र स्थानीय तह नखुलेका १/१, इलामको रोङमा ८, इलाम नगर पालिकामा ३, चुलाचुली र स्थानीय तह नखुलेका १/१, तेर्हथुमको म्याङलुङ र स्थानीय तह नखुलेका १/१, उदयपुरको बेलका र स्थानीय तह नखुलेका १/१ जनामा संक्रमण देखिएको छ ।

प्रदेश १ मा आज ४५८ जना संक्रमणमुक्त भएका छन् । संक्रमणमुक्त हुनेमा २०५ महिला र २५३ पुरुष रहेका छन् । पछिल्लो २४ घण्टामा कोरोना संक्रमणबाट १७ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा ७ महिला र १० पुरुष रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

# स्थापना दिवसको अवसरमा खाद्यान हस्तान्तरण




बिराटनगर । लायन्स क्लव अफ विराटनगर एकटिभले ५१ औं स्थापना दिवसको अवसरमा सप्ताह व्यापी सहयोग वितरण कार्यक्रम अन्तरगत पहिलो दिन वन कार्यालय छेउमा रहेको मानव सेवा आश्रमलाई खाद्यान हस्तान्तरण गरिएको छ ।

बिराटनगर महानगर पालिका वडा नं. ३ मा रहेको मानव सेवा आश्रममा एक कार्यक्रमका आयोजना गरी भूजा, चूरा, दाल, खाने तेल लगायतको सामग्री हस्तान्तरण गरेका छन् ।

पहिलो दिनको कार्यक्रम क्लवकी पूर्व अध्यक्ष दुर्गा चापागाईले आफ्नो छोरा डा.प्रदिप चापागाईको जन्म दिनको अवसरमा खाद्यान्न सामग्री भुजा ४ बोरा, चिउरा २ बोरा, दाल १ बोरा र खानेतेल १ कार्टुन हस्तान्तरण गरी आश्रममा रहेका अशक्त, वृद्ध, वृद्धाहरुलाई भोजन समेत गराएका थिए ।

लायन्स क्लब अफ विराटनगर एकटिभको सहयोगमा मानव सेवा गर्ने उदे्श्यले आश्रममा रहेका जिवित बुबा आमाहरुका लागि केही सहयोग होस भन्ने उदेश्यले लायन्स क्लब अफ विराटनगर एकटिभ मार्फत छोराको जन्म उत्सव मनाएको चापागाईले वताए ।

जिवित आमा बुबाका लागि मानवीय सेवामा क्लवले खेलेको भुमिका निकै नै सराहनीय रहेको प्रमुख अतिथी डिस्ट्रिक गभर्नर तथा क्लवका पूर्व अध्यक्ष लायन रेवत बहादुर कार्कीले वताउनु भएको थियो ।

मानव सेवासंगै सप्ताहाव्यापी कार्यक्रमलाई सभ्य र भव्य बनाउन क्वलका सदस्यहरुलाई सुझाव दिदै कार्कीले आपत कालिन समयमा क्लवले मानवसेवाको क्षेत्रमा उत्कृष्ट कामगरेकोमा क्लवका साथीहरुको प्रसंशा गरेका थिए ।

उक्त अवसरमा पूर्व डिस्ट्रिक गर्भनर ३२५ ए वान तथा कोभिड-१९ मल्टीपल चेयर पर्सन लिला ढुंगेल, डिस्ट्रीक फस्ट लेडी लायन दिलमाया कार्की, प्रोटोकल मल्टीपल चेयर पर्सन लायन फुल कुमार लालवानी लगायतको उपस्थिति रहेको थियो ।

साहयोग कार्यक्रम श्रावण २६ गते सम्म एमजेएफ कन्ट्रिव्यूसन, सेनिटाईजर र माक्स वितरण, खाद्यान वितरण, पीपीई सेट वितरण जस्ता कार्यक्रम रहेको छ ।

मानव सेवा आश्रममा भएको खाद्यान वितरण तथा भोजन खुवाउने कार्यक्रम लायन्स क्लव अफ विराटनगरका अध्यक्ष लायन संन्तोष वस्नेतको अध्यक्षतामा सम्पन्न भएको थियो ।

**बेटा बेटीके बीचमे विभेद नय करू दोनोके स्कुल भेजु ।**

# लागुऔषध गांजा सहित दुई पक्राउ

बिराटनगर । उदयपुर बेलका नगरपालिका वडा नं. ८ कोठू स्थितबाट लागूऔषध गाँजा सहित दुई जनालाई पक्राउ गरिएको छ ।

आईतवार भोजपुर हचुवागढी गाऊपालिका ८ का २६ बर्षीय नबिन्द्र राई र २३ बर्षीय हेम राज राई रहेका छन् ।

ईलाका प्रहरी कार्यालय रामपुरठोक्सिला र अस्थाई प्रहरी पोष्ट कोठूबाट खटिएको प्रहरी टोलीले को१ज ४५९ नम्बरको बुलेरोलाई चेकजाँच गर्ने क्रममा बोलेरोको हुडमा २ वटा कपडाको झोलामा ४ केजी २०० ग्राम लागूऔषध गाँजा फेला पारेको थियो ।

गाँजा फेला परे पश्चात सोधपुछ गर्दा उक्त गाँजा नबिन्द्र र हेमराज राईको खुल्न आएसगै उनहरुलाई पक्राउ गरि ईलाका प्रहरी कार्यालय रामपुरठोक्सिलामा लगी थप अनुसन्धान भईरहेको छ ।



त्यसैगरी मोरङ बिराटनगर महानगरपालिका वडा नं. २ दुर्गा चौक स्थितबाट लागूऔषध ब्राउन सुगर सहित एक जना पक्राउ गरिएको छ । पक्राउ पर्नेमा मोरङ पथरी शनिश्चरे नगर पालिका वडा नं. ६ का २३ बर्षीय निरज गोडी रहेको छ ।

आईतवार लागूऔषध नियन्त्रण ब्यूरो विराटनगरबाट खटिएको प्रहरी टोलीले उनलाई लागूऔषध ब्राउन सुगर ८ ग्राम सहित पक्राउ गरेको छ ।

पक्राउ परेका गोडीलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट थप अनुसन्धान भईरहेको छ ।

## अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

### हाम्रो सेवाहरु :-

- ★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
- ★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
- ★ जनरल फिजिसियन सेवा
- ★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
- ★ Minor & Major surgery सेवा
- ★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
- ★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
- ★ 24 Hours Emergency सेवा
- ★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
- ★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
- ★ इनफर्टिलिटी क्लिनिक सेवा
- ★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१







परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# कोरोना संक्रमणको तेस्रो चरण

कोरोना संक्रमण पहिलो चरणको भन्दा दोस्रो चरणको लहरमा कोरोना संक्रमित विरामीहरुलाई अक्सिजनको आवश्यकता परेको थियो । कोरोना संक्रमित विरामीको अक्सिजन लेभल घट्दै जाने समस्या बढी देखिएका कारण अस्पताल र विरामीको आफन्तहरुलाई विरामीको ज्यान जोगाउन हम्मेहम्मे परेको थियो । जसका कारण अस्पतालहरु र उद्योगीहरुले अक्सिजन प्लान्ट संचालन गर्न वाध्य भएको थिए । कही साता अगाडी कोरोना संक्रमित विरामी निको हुने क्रम वढेपछि अस्पतालका सैयाहरु खाली भएको थिए । अहिले फेरी कोरोना संक्रमणको तेस्रो भेरियन्ट भन्दै दैनिक सरदर देश भरीमा १ हजार कोरोना संक्रमित विरामी थप्दै गई रहेको छ । यो कोरोना संक्रमणको तेस्रो चरणको शुरुवाती चरण भएकोले वेलामै नेपाल सरकारले कोरोना संक्रमणको तेस्रो चरणको महामारीबाट बच्न र संक्रमण दर कम गर्न पूर्व तयारीमा जुट्नु पर्छ ।

मुलुकभर फेरि विस्तारै कोरोना संक्रमणको तेस्रो चरणको महामारीको लहर बढ्दैछ । क्रमश : खाली बन्न लागेका अस्पतालका बेड पुन: भरिन थालेका छन् । मृतकको संख्या बढ्दैछ । सहरमा मात्रै नभई गाउँ गाउँसम्म कोरोनाका लक्षणसहितका संक्रमित थपिँदैछन् । बजार पसलमा भीड बढ्दा संक्रमण चाँडो फैलँदैछ । घरबाहिर निस्कनेले स्वास्थ्य मापदण्ड नअपनाउँदा खतरा अझै उच्च छ । कोरोना संक्रमितमा पहिले देखिने लक्षण भनेकै श्वासप्रश्वासको हो । श्वासप्रश्वासमा समस्या देखिएका बिरामीको पहिलो आवश्यकता अक्सिजन हो । अक्सिजन मास्क लगाएपछि मात्रै बिरामीलाई सहज बनाएर अन्य उपचार सुरु गरिने भएकाले यसको महत्व कोरोना महामारीमा अझै बढी छ । तेस्रो चरणमा महामारी फैलिए अक्सिजनको व्यवस्था सबै जिल्ला र अस्पतालहरूमा तयारी अवस्थामा राख्नुपर्ने, स्वास्थ्य कर्मी र अस्पतालको क्षमता पनि बढाउनु पर्ने अहिलेको मुख्य आवश्यकता देखिन्छ ।

कोरोना संक्रमणको उपचारमा सरकारी अस्पतालको लापार्वाहिले पनि कतिको ज्यान जोखिममा परेको थियो । जसका कारण धनीहरुले नीजि अस्पतालमा उपचार गराउन वाध्य भएको थिए । निजी अस्पतालले कोरोना संक्रमितको परिवारवाट रकम धुत्न सम्म धुते । त्यसैले सरकारी अस्पतालको सुधार, आवश्यक स्वास्थ्य सामग्री र स्वास्थ्यकर्मीको व्यवस्थापनमा सरकार ध्यान पुऱ्याउनु पर्छ । दुईवटा लहर पार गर्दा पनि अझै आवश्यक पर्ने स्वास्थ्य सामग्रीको तयारी नहुनु स्वास्थ्य क्षेत्रमा देखिएको सरकारको लापरबाही भएको प्रष्ट छ । कोरोना संक्रमणको तेस्रो लहरलाई मध्यनजर गरेर समयमा नै सरकारी अस्पतालहरुलाई, स्वास्थ्य कर्मीहरुलाई र स्वास्थ्य उपचारमा प्रयोग हुने सामग्रीहरु तयारी अवस्थामा राख्न जरुरी छ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ । युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ । नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू)**: आर्थिक पक्ष सवल रहेको छ । आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ । भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ ।

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ । पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नेछ ।

# कालो कोटमा धब्बा

**अनन्तराज लुइँटेल**

सर्वसाधारण जनतामा दुईवटा कुराप्रति धेरै रहस्य हुन्छ- कतै मलाई मुद्दा त पर्ने होइन वा कतै मेरो स्वास्थ्य त बिग्रने होइन। यी दुईवटा कुराले दुईवटा कोटको महत्व बढाइदिएका छन्- एउटा कालो कोट र अर्को सेतो कोट। कालो कोट न्यायको प्रतीक हो भने सेतो कोट स्वास्थ्यको। न्यायाधीश र कानुन व्यवसायीको औपचारिक पहिरन कालो कोट र डाक्टरहरूको औपचारिक पहिरन सेतो कोटभित्रका रहस्य सधैँ चर्चा र चासोको विषय बन्ने गरेका छन्।

हाम्रो समकालीन सन्दर्भमा हेर्ने हो भने दुवै कोटमा समस्या देखा पर्न थालेका छन्। दुवै कोटमा धब्बा देखिन थालेका छन्। भलै कालो कोटमा लागेको धब्बा अलि खुट्याएर हेरमा मात्रै देखिन सक्छ। समस्याकै कारण स्वास्थ्य क्षेत्रमा समेत यदाकदा जनताको आक्रमण हुने र न्याय क्षेत्रमा समेत असन्तुष्टिहरू देखिने गरेका छन्। यस लेखमा कालो कोटको धब्बालाई न्याय क्षेत्र सुधारको प्रतीकका रूपमा प्रतिविम्बित गर्न खोजिएको छ ।

सर्वोच्च अदालतका न्यायाधीश हरिकृष्ण कार्की नेतृत्वको न्यायपालिकामा रहेका विकृति/विसंगति अध्ययन समितिले हालै कालो कोटभित्रको धब्बा केलाउने प्रयास गरेको छ । प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासमक्ष न्यायाधीश कार्की नेतृत्वको समितिले बिहीबार बुझाएको प्रतिवेदनले न्याय क्षेत्रमा रहेको धब्बा खुट्याउने प्रयास गरेको छ। र, समितिको प्रतिवेदन बुझाइएसँगै न्यायालयभित्रका समस्या सार्वजनिक हुँदा समाज नै तरंगित हुन पुगेको छ ।

न्यायालयमा भएका विकृति /विसंगति र हुन सक्ने अनियमितताको समाधानका उपाय पत्ता लगाउन गठन भएको सो समितिले गहिरोसँग न्यायालयका समस्या पहिचान गरी सुधारका उपायसमेत सुझाएको छ। एक वर्ष अध्ययन गरेर बुझाइएको प्रतिवेदनमा न्यायालयमा फोहोरको डुंगुर चुलिएर कहाँसम्म पुगेको रहेछ भन्ने खुट्याइएको छ। पूर्वप्रहरी डिआइजी रञ्जन कोइरालाले आफ्नै श्रीमती गीता ढकालको क्रूर हत्या गरेको मुद्दामा प्रधानन्यायाधीश राणा र न्यायाधीश तेजबहादुर केसीको संयुक्त इजलासबाट पाएको सफाइको सन्दर्भमा उठेको विवादपश्चात गठन भएको समितिले न्याय क्षेत्रका समग्र समस्या पहिचान गर्ने प्रयास गरेको छ ।

सरोकारवालाहरूसँगको अन्तर्क्रिया, छलफल र समस्याको वास्तविक पहिचान गरी उपायहरूसमेत सुझाइएको प्रतिवेदन समकालीन न्याय क्षेत्रको सबै भन्दा महत्वपूर्ण दस्तावेजका रूपमा दर्ज भएको छ। प्रतिवेदनमा जुन-जुन कुरा औल्याइएको छ र जुन-जुन सुधार सुझाइएको छ, तिनको उचित कार्यान्वयन हुने हो भने न्यायालयको अनुहार केही न केही आशालाग्दो अवस्थामा फर्कने अपेक्षा गर्न सकिन्छ। खासगरी न्यायालयमा हुने भ्रष्टाचार, अनियमितता, त्यसमा संलग्न व्यक्तिहरूमा पछिल्लो समय कमाउने उद्देश्यका कारण न्याय विकृत अवस्थामा पुगेको प्रतिवेदनमा औल्याइएको छ। प्रतिवेदन नै वर्तमान न्यायालयको ऐना हो जसका माध्यमबाट हाम्रो देशका न्यायाधीशहरू कस्ता छन्, कानुनविद कस्ता छन् र राजनीतिक नेतृत्व वा अन्य सरोकारवालाले कुन ढंगले न्यायालयलाई प्रयोग गर्न खोज्छन् भन्ने कुराको स्पष्ट अनुहार झल्काइएको छ ।

विगत २० बर्षयता न्यायालयमा धेरैखालका अध्ययन र अनुसन्धान भएका छन्। न्यायालय स्वयम्ले गरेको अध्ययन होस् वा बारको तहबाट भएका अध्ययन किन नहुन्, तिनको माध्यमबाट न्यायालयका सबै समस्याको पहिचान भइसकेको छ। तर अध्ययनका सुझाव आजका मितिसम्म पनि कार्यान्वयनमा भएको कन्जुस्याइँबाटै न्यायालय अहिलेको अवस्थामा पुगेको हो। न्यायाधीशको नियुक्ति, सरुवा, मुद्दाको फैसला गर्दा र न्यायालयका हरेक काममा हुने चलखेल, तलदेखि माथिसम्म नराम्ररी प्रभावित गराउने प्रयास प्रतिवेदनमा औल्याइएको छ। न्यायाधीशका परिवारका सदस्य, वरिपरिका व्यक्ति र ती व्यक्तिमा रहेको कमाउने लालसाले उनीहरूलाई विचौलियाका रूपमा समेत उभ्याइदिएको छ ।

कानुन व्यवसायी, कर्मचारी लगायतलाई समेत सोही कोटीमा प्रतिवेदनले उभ्याइदिएको छ। तर तिनको व्यक्तिगत पहिचान नगरी सबैलाई एउटै डालोमा हालेर परिभाषित गर्दा मन नपरेको न्यायाधीशलाई 'भ्रष्टाचारी' र मन नपरेको वकिललाई 'विचौलिया' भनेर गाली गर्ने संस्कारको विकास नहोला भन्न सकिँदैन। सर्वोच्च अदालतको आफ्नै प्रतिवेदनमा यस्तो कुरा खुट्याइएपछि न्यायका उपभोक्ता हरूमा कस्तोखालको त्रास उत्पन्न होला ? अनुमानमात्रै गर्न सकिन्छ ।

प्रतिवेदन तयार गर्ने न्यायाधीशहरू कार्की र प्रकाशमानसिंह राउत नै भोलिको न्यायालयको नेतृत्वमा पुग्ने र वर्तमान बार नेतृत्वसमेत अध्ययनमा संलग्न भएका कारण अहिले देखिएका समस्याको वास्तविक पहिचान भएको विषयमा द्विविधा मान्नुपर्ने अवस्था छैन। नेतृत्वको निरन्तरताकै अवधिमा सुधारका काम सुरु भएमा सुधार प्रयासले संस्थागत निरन्तरता पाउने विश्वाससमेत रहेकाले पनि अध्ययन प्रतिवेदन वर्तमानको एउटा उल्लेख्य उपलब्धि मान्न कन्जुस्याइँ गर्नुपर्दैन ।

यस भन्दा धेरै अघिदेखि न्यायालयमा समस्या छन् भन्ने सन्दर्भमा विभिन्न अध्ययन भइसकेका छन्। २०५८ सालमा सर्वोच्च अदालत बार एसोसिएसनले गरेको अध्ययन, २०५६ सालमा भएको न्यायालयको सुदृढीकरण समितिको अध्ययन, तत्कालीन प्रधानन्यायाधीश अनुपराज शर्माको पालामा भएको पूर्वप्रधानन्यायाधीश रामप्रसाद श्रेष्ठ नेतृत्वको समितिले गरेको अध्ययन पनि दस्तावेजका रूपमा छन्। त्यसपछि न्यायाधीश गिरीशचन्द्र लाल नेतृत्वको समितिले गरेका अध्ययनसम्म आइपुग्दा समस्याको यथोचित पहिचान भइसकेको छ। ती अध्ययनमा समेत समस्या औल्याएर समाधानका उपायहरू सुझाइएको छ तर पनि न्यायालयका विकृति र विसंगतिहरू दिन दुईगुना र रात चौगुनाका दरले किन बढिरहेका छन् भन्ने आश्चर्यको विषय हो ।

२०४७ सालदेखि २०६३ सालसम्मको १५ बर्षमा जति समस्या न्यायालयमा देखिएका थिए त्यसपछिका अरू १५ बर्षमा किन त्यो भन्दा पनि चौगुना समस्या बढेका छन् भन्ने प्रश्नको एउटै उत्तर न्यायालयमा भएको चर्को राजनीतिकरण हो ।

२०४७ सालमा भएको प्रजातन्त्र पुनर्स्थापनापछिका तीस बर्षको अवधिको न्यायपालिका, त्यो भन्दा अघिको न्यायापालिकालाई तुलना गरेर अध्ययन गर्ने हो भने न्यायालय जनताका लागि अहिले बाध्यताको निकाय बन्न पुगेको छ। पञ्चायती कालसम्म न्यायालयमा भ्रष्टाचार र अनियमितता देखा नपर्नु र त्यसपछिका बर्षहरूमा विस्तारै विकृति/विसंगति र भ्रष्टाचार झांगिनुले न्यायालयमा छाडातन्त्रले मलजल गरिरहेको पाइन्छ ।

न्यायालयमा धेरै समस्या छन् तर तिनको उदय कसरी भएको छ भन्ने विषयमा भएका अध्ययनको निष्कर्ष वास्तवमा न्यायालयमा गहिरिएको राजनीतिक हस्तक्षेप, न्यायपालिकामा भइरहेको राजनीतीकरण नै वास्तविक समस्या भएको कुरामा कुनै द्विविधा मान्नुपर्ने आवश्यकता छैन। २०४७ सालदेखि २०६३ सालसम्मको १५ बर्षमा जति समस्या न्यायालयमा देखिएका थिए त्यसपछिका अरू १५ बर्षमा किन त्यो भन्दा पनि चौगुना समस्या बढेका छन् भन्ने प्रश्नको एउटै उत्तर न्यायालयमा भएको चर्को राजनीतीकरण हो ।

सर्वोच्च अदालतका न्यायाधीशका लागि संविधानमा भएको संसदीय सुनुवाइको व्यवस्था, न्यायपरिषद्मा रहेको संरचना, कानुन व्यवसायीमा रहेको चर्को राजनीतीकरण र न्याय सेवा व्यापारीकरण हो कि भन्ने भ्रामक सोचाइले वर्तमानका समस्या उब्जिएका छन्। २०४७ सालअघिको न्यायालयमा पनि विकृति र विसंगति थिएनन् भन्न मिल्दैन तर त्यसवेला जुन स्तरमा भ्रष्टाचार र अनियमितता थिए र नियन्त्रण र सन्तुलनको जुन अभ्यास थियो त्यसले न्यायालयलाई अहिले जस्तो चरम अलोकप्रिय बन्नबाट रोकेको थियो। न्यायाधीश र कर्मचारीमा अनियमिततामा संलग्न हुने आँट नभएकाले उनीहरू विश्वासिला पनि मानिन्थे। तर अहिले जुन स्तरको अनियमितता र भ्रष्टाचार भइरहेको छ, यसबाटै न्यायालयको समस्या के हो भन्ने कुरा स्पष्ट हुन्छ ।

अनियमिततामै संलग्न हुँदासमेत कुनै न कुनैरूपमा ढाकछोप हुन सक्छ भन्ने आड पाएरै त्यस्तो अभ्यासमा संलग्न भएको पाइन्छ। न्यायाधीश कार्की नेतृत्वको समितिले मुद्दा तोक्ने अधिकार प्रधानन्यायाधीशबाट स्वचालित प्रणालीमा पुग्नेसम्मको सुझाव दिएको र त्यहाँसम्म पुग्नुअघि

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# लागुऔषध ब्राउणसुगर सहित झापाबाट एक जना पक्राउ




बिराटनगर । झापा गौरादह नगरपालिका वडा नं. १ गौरादह बजार स्थितबाट लागूऔषध ब्राउन सुगर सहित एक जनालाई पक्राउ गरिएको छ भने एक जना फरार रहेका छन् ।

पक्राउ पर्नेमा सोही स्थानका ३७ बर्षीय कृष्ण कुमार ताजपुरिया रहेका छन् ।

मंगलवार ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले मे ७ प ६७६७ नम्बरको मोटरसाईकल चालक रहेका ताजपुरियालाई चेकजाँच गर्दा लागूऔषध ब्राउन सुगर ६ ग्राम फेला परेको थियो ।

पक्राउ परेका ताजपुरियालाई सोधपुछ गर्दा मैले गौरादह २ का ३९ बर्षीय सुमन कुमार कार्कीबाट खरिद गरेको हो भनि जानकारी गराएका थिए ।

जानकारी पाए पश्चात तत्कालै प्रहरी टोली खटि गई कार्कीको घरकोठा भित्र लागूऔषध ब्राउन सुगर ३० ग्राम फेला पारेको छ । सुमन कुमार कार्की भने तत्काल फरार रहेकोले खोजतालस भईरहेको छ ।

झापा बिर्तामोड नगरपालिका वडा नं. ३ भद्रपुर सडक खण्डको आँखा अस्पताल अगाडीबाट लागूऔषध ब्राउन सुगर सहित २ जनालाई पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा झापा हल्दिबारी गाऊपालिका वडा नं. १ बस्ने २० बर्षीय सुवास न्यौपाने र बिर्तामोड नगरपालिका १० ईलामेली टोल का २४ बर्षीय समिर राई रहेका छन् ।

सोमवार लागूऔषध नियन्त्रण ब्यूरो काँकडभिट्टा र ईलाका प्रहरी कार्यालय अनारमनी झापाबाट खटिएको प्रहरी टोलीले मे ८ प ७३९२ नम्बरको मोटरसाईकल चढी आएका न्यौपानेको साथबाट लागूऔषध ब्राउन सुगर १२ ग्राम बरामद भएको थियो ।

तीनीहरुलाई पक्राउ गरी आबश्यक अनुसन्धानको लागी मोटरसाईकल पछाडी सवार राई समेतलाई नियन्त्रणमा लिई थप अनुसन्धान भईरहेको छ ।

ब्राउत तस्करीमै झापा अर्जुनधारा नगर पालिका वडा नं. ११ नयाँ बसपार्क स्थितबाट अटो टेम्पुबाट लागूऔषध ब्राउन सुगर सहित २ जनलाई पक्राउ गरिएको छ ।

अस्थाई प्रहरी पोष्ट बसपार्कबाट खटिएको प्रहरी टोलीले मे १ ह ३४३१ नम्बरको अटोलाई चेकजाँच गर्ने क्रममा अटो चालक बिर्तामोड ४ बस्ने २१ बर्षीय रुपेश साह र पछाडि सवार हल्दिबारी ३ का २१ बर्षीय बिबेक बानियाको साथबाट लागूऔषध ब्राउन सुगर २ ग्राम ९० मिलि ग्राम र नगद रु. २० हजार बरामद भएको हो ।

प्रहरीले उनिहरुलाई अटो सहित पक्राउ गरि ईलाका प्रहरी कार्यालय अनारमनीमा लगि थप अनुसन्धान गरिरहेको छ ।

# एनआरएन साउदीअरबको निर्वाचनमा चरम् धाधली भएको आरोप

साउदी अरब द्बगन । गैर आवासिय नेपाली संघ साउदी अरबको राष्ट्रिय समन्वय परिषदको आठौं महाधिवेशनमा चरम् धाधली भएको उम्मेद्वारले आरोप लगाएका छन ।

गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् साउदी अरबले आफ्नै विधान र जारी निर्देशिका एवं समय तालिका समेतको उल्लंघन गरेको आरोप उम्मेदवारले लगाएका हुन ।

एनसिसी र मातहतका समितिहरूको समेत निर्वाचनमा गम्भीर अनियमितता गरेको २०२१-२०२३ कार्यकालका लागी अध्यक्षमा उमेदवारी प्रस्तुत गरेका रोशन श्रेष्ठले जानकारी दिए ।

गैर आवासिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद साउदी अरबको निर्वाचन समितिका संयोजक जोन अर्याल, सदस्य नारायण पासवान र रमेश भण्डारी रहेको समितिबाट भएका सबै अनियमितताहरूको स्वतन्त्र र निष्पक्ष छानबिन गर्न गराउन जोडदार माग गरिएको छ ।

नेपाली काङ्ग्रेसको भातृसंगठन जनसम्पर्क समिति र संघिय लोकतान्त्रिक राष्टिय मंचको भातृसंगठन संघिय लिम्बुवान सामाजिक मंच साउदीले समेत प्रेश बिज्ञप्ती प्रकाशित गरी अनियमितताको ध्यानाकर्षण गराएको थियो ।

निर्वाचन समिति, संघको राष्ट्रिय समन्वय परिषद साउदी अरब र गैर आवासिय नेपाली संघ अन्तराष्ट्रिय समन्वय समितीलाई जानकारी गराउदा समेत सुनवाइ नभएको साउदी अरबबाट लिम्बुवान सामाजिक मंच सल्लाहाकार श्रीलिम्बुले जानकारी दिए ।

अध्यक्षको उमेदवार रहेका रोशन श्रेष्ठले आफुले पटक पटक निर्वाचन समिती र राष्ट्रिय समन्वय समितीलाई ध्यानाकर्षण गराउदा समेत सुन्वाइ नभएको प्रती दु:ख व्यक्त गरेका छन ।

उनले आफु विगत ८ वर्षदेखि निरन्तर सकृय भई कार्यसमितिमा उपाध्यक्ष र आठौं अधिवेशनको अध्यक्षको प्रत्यासी रहेको र एनआरएनए एनसीसी साउदी अरेबियाको आठौं महाधिवेशनमा अध्यक्षको प्रत्यासी भएको हैसियतले एवम संस्थाको गरिमालाई मध्यानजर गर्दै संस्थाको आठौं अधिवेशनका लागि संस्था र निर्वाचन समितिले गरिरहेका गतिविधि बारे जानकारी गराएको तर सुनुवाइ नभएको बताए ।

'उम्मेद्वार भएको हैसियतले आफुले निर्वाचन समिति, वर्तमान कार्यसमितिका अध्यक्ष, आईसिसिका वहालवाला अग्रज पदाधिकारीहरुको समेत ध्यानाकर्षण गराउनु कर्तव्य ठानेको छु।' अध्यक्षका प्रत्यासी श्रेष्ठले भने ।

विधान विपरित कार्यसमितिले अधिवेशन प्रतिनिधिहरु छनौट गरेको, निर्वाचनको तालिका विपरित निर्वाचन समितिले मतदाता नामावली प्रकाशन गरेको, निर्बाचन कार्य तालिका तथा आचार संहिता अनुरुप बुंदा नम्बर ४ अनुसार मतदाताहरुको अन्तिम सुची प्रकाशन गर्ने मिति ९ जुलाई तोकिएको तर निर्बाचन समितिले २६ जुलाई मा सुची सार्बजनिक गरेकोआरोप लगाएका छन ।

त्यसैगरी विधानको धारा १४ को उपधारा ३ मा प्रत्येक २० जना पंजीकृत सदस्य बराबर १ जनाको अनुपात मा महाधिबेसन प्रतिनिधि चयन गरिने भएपनि सो वमोजिम नभएको उल्लेख छ ।

निर्वाचन समितिले जारी गरेको सुचनाको खण्ड क वमोजिम एनसिसि र आईसिसिका पुर्व पदाधिकारीहरुको नामावली प्रकाशन नगरेको, संस्थामा महत्वपुर्ण योगदान गरेका आग्रजहरु प्रतिनिधिको रुपमा चयन नगरी २ महिना अघि वनेका सदस्यहरुलाई मनोमानी ढंगले प्रतिनिधिमा राखेर अग्रजहरुको भावनामा खेलवाड गरेकोभनि श्रेष्ठले संस्थाको निर्वाचनमा असन्तुष्टी पोखेका छन ।

संस्थाको कार्यसमिति भित्र छलफल र निर्णय नै नगरी प्रतिनिहिरु चयन गरिएकोर गत ३० जुलाईमा भएको निर्वाचनमा मतदान कसरी गरियो,कुन विधि अपनाइयो भन्ने कुराको जानकारी स्वयम अध्यक्षको प्रत्यासी लगायत प्रतिनिधिहरुलाई समेत नभएको रोशन श्रेष्ठको दावी रहेको छ ।

उनले संस्थाका अध्यक्ष कुमार पन्त, उपाध्यक्ष बद्री केसी, संस्थाका प्रवक्ता लगायतलाई यस बिषयमा पत्र पठाउदा समेत कुनै किसिमको सुनवाई नभएको भन्दै माथि देखिकै सेटिङ्गमा निर्वाचनमा चरम् धाधली भएको आरोप लगाएका छन।

गैर आवासिय नेपालीहरुको छातासंगठनको रुपमा रहेर विश्वभरका नेपालीहरुको सारथी बन्दै गरेको एनआरएनए संस्थाले यसरी दम्भ र घमण्डले निर्वाचन गर्नुले संस्था प्रती आम नेपालीमा बितृष्णा पैदाहुने गैर आवासिय नेपालीहरुको ठहर छ ।

संस्थाले सबै पक्षको बिरोधको बावजुत पनि गत जुलाई ३० गते निर्वाचन सम्पन्न भएको भन्दै एक पक्षरुपमा डम्बर यादवलाई बिजयी घोषणा गरेको थियो ।

अध्यक्षका प्रत्यासी श्रेष्ठले निर्वाचनमा धाधली भएकाले पुन निर्वाचन गराई एनआरएन साउदीको साखलाई कायम राख्न माग गरेका छन ।

# बाँड्न नमिल्ने गर्भावस्था, प्रसव र स्तनपान

भावना पोखरेल

केही वर्षअघि जब म ७/८ महिनाको गर्भवती थिएँ, समाचारमा करिना कपुरको बच्चासहितको फोटो देखेँ। ताइमूर अलि खान वास्तवमै 'सुपर क्युट' थिए। म पनि कल्पना गर्न थालेँ मेरो बच्चा कहिले देख्न पाउँला भनेर ।

सबै दम्पत्तिलाई जस्तै हाम्रो लागि पनि विशेष थियो, बहुप्रतिक्षित सन्तान थियो। त्यसैले गर्भावस्था र प्रसव मलाई खासै गाह्रो लागेन। तर वास्तविक कठिन समय तब आयो जब स्वभाविक रुपले आउनु पर्ने दूध आइदिएन ।

मैले धेरै प्रयास गरें। खानेकुराहरु, औषधि, जडिबुटी, सेकाउने, मसाज गर्ने आदि थाहा पाए जति उपाय गरें। डाक्टरहरुसँग परामर्श, जान्ने बुझ्नेले सुझाएका उपायहरु सबै गरेर एक डेढ महिनामा झन्डै नुस्खा नम्बर ५० सम्म पुग्यो होला, 'ट्राइ' गर्दा गर्दै तर हात लाग्यो निराशा मात्रै ।

आफ्नो सन्तानलाई सबैभन्दा राम्रो र स्वस्थकर ढंगबाट हुर्काउँ भन्ने सबैलाई हुन्छ। मलाई पनि सिजरियन अप्रेशनमा काम गर्दा खेरी ओहो! सबै कुरा प्राकृतिक ढंगबाट हुनु राम्रो हो भन्ने लागि रहन्थ्यो। सबैले त्यो अवसर पाउँदैनन्। मलाई त्यो बाध्यता आइपरेन ।

अब मलाई ठूलो तनाव भइरहेको थियो। आफ्नो शिशु भोको रहँदा कुनै पनि आमाको मन शान्त रहन सक्दैन। मातृत्व हरेक नारीको रहर हो। यसलाई सम्पूर्ण नारीत्वसँग जोडेर हेरिन्छ। सारा स्त्री जातिलाई 'माता' को रुपमा सम्मान गरिन्छ ।

एउटा 'परफेक्ट' आमा बन्नु अहिलेको पुस्ताको पनि चुनौतिपूर्ण कामहरु मध्ये एक हो। मेरो मातृत्वको पहिलो गाँसमै ढुंगा लागेको थियो। जिन्दगीका धेरै आरोह अवरोह भए होलान्। यो असफलतामा धेरै संवेदनशील भएँ ।

यहाँ आफूभन्दा बढी मूल्यवान जीवनको नाजुक अवस्था थियो। मसँग नचाहँदा नचाहँदै फर्मूला दूध खुवाउनुको विकल्प थिएन। त्यो खुवाउन गर्नुपर्ने तयारी, झन्झटिलो तालिका, खुवाएपछिको समस्या कति हो कति ।

आफ्नो शिशुको रुवाइ, छटपटी, घट्दो तौलले अत्यास लाग्थ्यो। रातभरि अनिदो बसी दूध चुसाउने प्रयास गरिरहन्थेँ। सुत्केरी शरीरले थकान, अनिन्द्रा, तनाव, धान्न सकेन सायद, मलाई फरक महसुस हुन थाल्यो ।

मलाई याद आयो कि मलाई 'पोष्टपार्टम ब्लू' भयो। यो सुत्केरी अवस्थामा हुने अस्वभाविक 'मुड स्विङ' हो। त्यो बेलाबाट सुरु भएको मेरो स्तनपान सम्बन्धी चासो अहिलेसम्म पनि कायमै छ ।

अहिले अगस्ट महिनाको पहिलो साता 'स्तनपान सप्ताह' नेपाल सरकारले र सहयोगी संस्थाहरुले पनि यसको महत्वलाई प्रचार गर्न र प्रोत्साहन गर्न खोजेको देखिन्छ। संचार माध्यम, सामाजिक संजालमा जब यस्ता सामाग्री देख्छु तब खुसी लाग्छ ।

हाम्रा पहिलेका पुस्ताभन्दा हामी कति भाग्यमानी छौं। दूध बढाउन महिलालाई विशेष पौष्टिक भोजनको वर्णन दूध कसरी सही ढंगबाट चुसाउने, कामकाजी महिलाहरुलाई कसरी स्तनपानको अवधि बढाउन सकिन्छ भनेर नीति निर्माण, सार्वजनिक स्थलहरुमा स्तनपानमैत्री संरचना निर्माण आदि कुराहरुमा जोड दिनु साँच्चै सकारात्मक पक्षहरु हुन्।

पहिलेको तुलनामा सुधार आए पनि अहिले पनि चुनौतिहरु धेरै छन्। र समस्याहरु पनि थपिँदै छन्। बढ्दो सिजरियन डेलिभरीको संख्या, कसैको रहर होला, कसैको बाध्यता। शल्यक्रियाबाट हुने सुत्केरीबाट जन्मेको पहिलो घन्टाभित्र स्तनपान गराउन बाधा हुन्छ ।

'एक्सक्लुसिभ ब्रेस्टफिडिङ' अर्थात् ६ महिनासम्म साथै दुई वर्षसम्म आमाको दूध मात्र खुवाउने, भनेर भनिए तापनि यसको व्यवहारिक पक्ष सबैलाई सहज छैन। गाउँघरमा निरन्तर कृषिकर्म चलिरहेकै हुन्छ भने सहरमा पनि अधिकांश युवा अवस्थाका महिलाहरु व्यापार, व्यवसाय, जागिर वा अध्ययनमा संलग्न भइरहेकै हुन्छन्।

यो प्रजनन उमेर नै यस्तो अवस्था हो जहाँ युवा वर्गले सबैकुरा समयमै व्यवस्थापन गरी सक्नुपर्ने बाध्यता छ। पढाइ पूरा गरिसक्नु पर्ने, रोजगार वा आर्थिक रुपले आत्मनिर्भर बन्नुपर्ने, जीवनसाथी रोजेर सेटल हुने, महिलाहरु २५-३० भित्र, पुरुषहरु ३०-३५ सम्ममा सन्तान जन्माइसक्नु पर्ने कुराहरु हाम्रो समाजले अघोषित रुपमा निर्धारण गरेका चेकलिस्ट हुन् ।

यही बेलामा महिलाहरुले क्यारियरले भर्खर गति लिन थालेको हुन्छ जसमा झ्याप्प ब्रेक लाग्छ। सबै महिलाले यो ब्रेकको सुविधा लिन पनि पाउँदैनन् ।

पिठ्यूमा नानी बाँधेर घरधन्दा गरी रहेकी गृहिणी हुन्, या झोलुङो लगाएर पसल कुरिरहेकी साहुनी हुन्, या छेउमा बच्चा सुताएर खेत गोडिरहेकी महिला हुन्, या काखमा बच्चा लिएर ल्यापटपमा काम गरिरहेकी महिला, उनीहरुले आफ्नो जीविकोपार्जनमात्र गरेका छैनन्। समाज, परिवार, राष्ट्रलाई पनि केही न केही योगदान दिएका छन् ।

यस वर्षको स्तनपान सप्ताहको नारा रहेछ 'हामी सबैको साझा जिम्मेवारी, स्तनपान संरक्षण हुन्छ प्रभावकारी।' प्रजनन सम्बन्धि कार्य प्रकृतिले महिलालाई नै दिएको छ। न महिनावारी बाड्न मिल्छ न गर्भावस्था न प्रसव, न स्तनपान। यी सबै स्वत: नारी जातिको जिम्मेवारीमा आएका छन् ।

हामीले यी प्रकृया सहज बनाउन गर्न सकिने कार्यहरु हुन्छन्- एउटा श्रीमानले बच्चाको अन्य स्याहारमा संलग्न भएर, घरपरिवारले घरायसी काममा सहज बनाइदिएर, रोजगारदाताले सुत्केरी बिदाको अवधि बढाएर स्तनपान गराउने समय दिएर, नीति निर्माताले अनुकूल नीति नियम बनाइदिएर, सरोकार वालाहरुले सार्वजनिक ठाउँमा पनि स्तनपान गर्न सकिने संरचना बनाइदिएर इत्यादि ।

बसमा बच्चाको आमालाई सिट दिएर नै किन नहोस्, सबैले जिम्मेवारी बोध गरियो भने त्यो कार्य सहज हुन्छ ।

सबैभन्दा ठूलो कुरो आफ्नो विचारमा पनि परिवर्तन हुन जरुरी हुन्छ। यो कुनै लज्जाको विषय होइन। यसलाई प्रोत्साहन गरौं भन्ने संस्कृति विकास गर्नुपर्छ। घरबाट

वांकी ४ पेजमा...

## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

### १. कसरी सर्छ कोरोना भाईरस ?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

### २. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

### 3. यसबाट बच्न के–के गर्ने ?

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

धनपालथान गाउँपालिका मोरंग प्रदेश नं. १



# बसको ठक्करबाट एकको मृत्यु एकजना घाईते

बिराटनगर । सुनसरी धरान उपमहानगरपालिका वडा नं. ८ तिनकुने जंगल स्थित कोशी राजमार्गमा भएको सवारी दुर्घटनाबाट मोटरसाईकल पछाडी सवार यात्रीको मृत्यु भएको छ ।

मृत्यु हुनेमा ईटहरी उपमहानगरपालिका वडा नं. १७ पकली बस्ने ४० बर्षीया मिरा देवी साह रहेकी छन् ।

बुधवार धरानबाट ईटहरी तर्फ आउदै गरेको को १ त ९१४३ नम्बरको ट्याक्टरलाई पछाडीबाट आईरहेको को १ ख ५४३० नम्बरको बसले पछाडीबाट ठक्कर दिई बिपरित दिशाबाट जादै गरेको प्रदेश-१-०२-०४० प ६४०५ नम्बरको मोटरसाईकल समेतलाई ठक्कर दिएको थियो ।

सो दुर्घटनाबाट मोटरसाईकल चालक मृतककै छोरा २५ बर्षीय बिमल साह समेत २ जना घाईते भई घोपा धरानमा उपचारको क्रममा सोही मिरा देवी साहको मृत्यु भएको छ भने बिमलको सोही अस्पतालमानै उपचार भईरहेको छ ।

दुर्घटनामा सम्लग्न तिनवटै सावारी साधन र बस चालक धरान १५ का ४२ बर्षीय प्रभु खड्का ईलाका प्रहरी कार्यालय धरानको नियन्त्रणमा लिई थप अनुसन्धान भईरहेको छ ।

# लागुऔषध सहित तीन जना पक्राउ

बिराटनगर । झापाको बिभिन्न स्थानबाट लागूऔषध र प्रतिबन्धित औषधी सहित ३ जनालाई पक्राउ गरिएको छ ।

सोमवार गौरीगंज गाऊपालिका वडा नं. ६ जनता चौक स्थितबाट ईलाका प्रहरी कार्यालय गौरीगंजबाट खटिएको प्रहरी टोलीले गौरादह नगरपालिका वडा नं. १ का २० बर्षीय सुरेश ताजपुरियालाई प्रतिबन्धित औषधी ट्रामाजेक १ सय ५० क्यापसुल, नाईट्रोभेट २६ क्याप्सुल र कोरेक्श १ बोतल सहित पक्राउ गरिएको छ ।

त्यसै गरी सोहीदिन झापा मेचीनगर नगरपालिका वडा नं. २ स्थित भृकुटी चौकमा जिल्ला प्रहरी कार्यालय झापा र लागूऔषध नियन्त्रण व्युरोबाट खटिएको प्रहरी टोलीले दक्षिणबाट आउदै गरेको डब्लु वी ४ आर ६५०४ नम्बरको भारतिय मोटरसाईकल चेकजाँच गर्दा लागु औषध फेला परेको थियो ।

उक्त मोटरसाईकलको भाईजरमा लुकाई छिपाई ल्याउदै गरेको लागूऔषध ब्राउन सुगर १ ग्राम फेला परेकोले मोटरसाईकलमा सवार मेचीनगर नगरपालिका वडा नं. १ का २१ बर्षीय सुलन देवान र पछाडी सवार सोही स्थानका २० बर्षीय मिङमा तामाङलाई पक्राउ गरिएको छ ।

पक्राउ परेका तिनै जना उपर थप अनुसन्धान भईरहेको छ ।

# समान सार्ने क्रममा एकको मृत्यु

बिराटनगर । झापाको झापा गाउपालिका वडा नं. २ झापा बजारका ३५ बर्षीय रपेश सिंहको घरको पर्खालले किचेर मृत्यु भएको छ ।

बुधवार सोही स्थानका बिकाश अग्रावालको घर भत्काउने क्रममा घरको पर्खाल ढलि किचेर गम्भिर घाईते भएका सिंहको बी एण्ड सी अस्पताल विर्तामोडमा उपचारको क्रममा सोही दिन मृत्यु भएको हो । सिंह घर भत्काउने मिस्त्रीको काम गर्दै आईरहेका थिए ।

घटनाको बारेमा ईलाका प्रहरी कार्यालय कुमारखोदबाट प्रहरी टोली खटि गई थप अनुसन्धान गरिरहेको छ ।

# काँग्रेस महाधिवेशन र नेतृत्व पुस्तान्तरणको प्रश्न

नेपाली राजनीतिको सबैभन्दा पुरानो र समाजवादी राजनीतिको परिपक्व दल नेपाली काँग्रेसको अहिले चौधौं महाधिवेशन हुने चर्चा चलिरहेको छ । परिपक्व विचार र स्पष्ट नेतृत्वको अभावमा नेपाली काँग्रेसले विभिन्न समयमा पार्टीभित्र र पार्टी बाहिरबाट आलोचना खेपिरहेको छ । नेपालको इतिहासमा सबैभन्दा पुरानो राजनीतिक दलको रापमा स्थापित पार्टी र नेपालको हरेक प्रजातान्त्रिक तथा लोकतान्त्रिक आन्दोलनको नेतृत्व लिएको पार्टीको चौधौं महाधिवेशनको सरगर्मी चलिरहँदा अहिले काँग्रेसभित्रको विभिन्न खेमाको रस्साकस्सीसमेत सलबलाएको छ ।

काँग्रेसको नेतृत्वमा भएका विभिन्न प्रकारका आन्दोलन तथा विगतदेखि अहिलेसम्मको इतिहास हेर्दा जनताको जित भए पनि नेपाली काँग्रेसको हार भएको छ । काँग्रेसमा आउने नेतृत्वको कारणले गर्दा विभिन्न समयमा भएको निर्वाचनमा काँग्रेसले पराजय भोग्नुपरेको छ । यसको कारण भनेको नै नेतृत्व दूरदर्शी र पारदर्शी हुन नसक्नु हो । नेपाली भूमिमा नेपाली जनताको जनजीविकाको मुद्दासँग जोडिएर नेपाली काँग्रेसले आफ्नो राजनीतिक यात्रा सुरु गरेको आज ७ दशक वितिसकेको छ । अनि नेपाली काँग्रेसका संस्थापकहरूको योगदानलाई उच्च मूल्याङ्कन गरी हामीले काँग्रेसको राजनीतिक दृष्टिकोण र परिवर्तनशील नेतृत्वहरूको स्थापना गर्न सक्नुपर्छ ।

विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वका २००६ साल चैत २७ गते स्थापना भएको नेपाली काँग्रेसले नेपालको राजनीतिक आन्दोलनको महत्त्वपूर्ण समयको नेतृत्व गरेका प्रमाण हामीसामु छर्लङ्ग भएका छन् । हामीले हेर्ने हो भने नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री हुने अवसर पाएको विश्वेश्वरप्रसाद कोइराला वास्तवमा भन्ने हो उहाँले एक युवा अवस्थामा नै नेपाल सरकारको नेतृत्व गर्नुभएको थियो । त्यसैगरी काँग्रेसको नेतृत्वमा भएको सरकारका युवा नेतृत्वको सहभागिता उल्लेख्य रूपमा भएको छ । यसरी नेपाली काँग्रेसका वर्तमान सभापति शेरबहादुर देउवा पहिलो पटक प्रधानमन्त्री हुँदा उहाँ ५० वर्षभन्दा कम उमेरको हुनुहुन्थ्यो । अहिले देउवा नै देशको प्रधानमन्त्री हुनुहुन्छ अनि उहाँ नै नेपाली काँग्रेसको सभापति हुनुहुन्छ भने हाल देउवा ७५ वर्ष पुग्नुभयो । प्रधानमन्त्री देउवाले नै युवा अवस्थामा देशको नेतृत्व गर्नुभएको थियो भने अहिले नेपाली काँग्रेसको चौधौं महाधिवेशन गर्नुपर्ने दायित्व पनि उहाँको काँधमा छ ।

यसरी नेपाली काँग्रेसमा अहिलेको मुख्य नेतृत्वको कुरा गर्ने हो भने वर्तमान सभापति शेरबहादुर देउवा ७५ वर्ष पुग्नुभयो । यसैगरी विमलेन्द्र निधि ६४ वर्ष, प्रकाशमान श्रेष्ठ ६५ वर्ष, रामचन्द्र पौडेल ७६, विजयकुमार गच्छदार ६७, शशांक कोइराला ६२, सुनिलबहादुर थापा ६२, सुजता कोइराला ६७, कृष्णप्रसाद सिटौला ७२, रामशरण महत ७०, प्रकाश शरण महत ६२, मीनेन्द्र रिजाल ६३, अर्जुन नरसिंह केसी ७३, नारायण खड्का ७२, ज्ञानेन्द्र बहादुर कार्की ६३, आनन्दप्रसाद ढुङ्गाना ७१, कुलबहादुर गुरुङ ८५, सीतादेवी यादव ६६, चित्रलेखा यादव ५६ वर्ष पुग्नुभएको छ । अहिले पार्टीको नेतृत्व उहाँहरूको वरिपरि घुमिरहेको छ । भने टड्कारो रूपमा युवापुस्तामा नेतृत्व हस्तान्तरणको सवाल पनि उठिरहेको छ । यसैगरी नेतृत्व हस्तान्तरणको मुद्दाको नेतृत्व गरिहेका काँग्रेस नेता गगनकुमार थापा, प्रदीप पौडेल, विश्वप्रकाश शर्माको पुस्ता ५० वर्षको हाराहारीमा रहेका छन् । गगन थापाको पुस्ता अहिले तेस्रो पुस्ताका नेताका रूपमा चिनिन्छन् । यसरी पहिलो र दोस्रो पुस्ताका नेताहरूले तेस्रो पुस्ताका नेताहरूलाई सहज रूपमा नेतृत्व हस्तान्तरण गरिहाल्छन् भन्ने देखिँदैन । रातोपाटी



# बाँड्न ...

बाहिर निस्कने वित्तिकै ठाउँ नभएर बोतलको दूध खुवाउनु पर्ने बाध्यता नहोस्। हामीले स्तनपानलाई जोड दिउँ भनिरहँदा त्यसमा आइपर्ने समस्याको समाधान पनि दिन सके बल्ल न्यायपूर्ण हुन्छ ।

के आमाहरु क्यारियरको दौडमा सन्तानप्रतिको ममता त्याग्दै गएका हुन्? वा उनीहरुको पनि यो प्रतिस्पर्धी दुनियाँमा अलि बढी नै मेहनत गर्नुपर्ने बाध्यतामा हुन्छ ?

के आधुनिक महिलाहरु आफ्नो सुन्दरताको बढी नै सचेत (अथवा भ्रमित) हुन थालेका हुन जसले गर्दा आफ्नो सन्तानको दीर्घकालीन स्वास्थ्यको भन्दा आफ्नो फिगरको बढी पर्बाह हुन थालेको हो ?

के यी नयाँ आमाहरु शिशुलाई अमृतपान गराउन अल्छी मानेर पाउडर दूध खुवाउन सजिलो महसुस गरेका हुन्? अथवा कोसिस गर्दा गर्दै पनि केही उपाय नलागेपछिको बाध्यता हो ?

ठूलो त्याग, दु:ख र संघर्षपछिमात्र पाइने पद हो आमा। आमाको महानताको महिमामानको अगाडि पुरुषका ठूलो जिम्मेवारी पनि ओझेल परेको छ। आधुनिकतासँगै बढ्दै गएको विलासिता, श्रम गर्न नचाहने अलिकति पनि दु:खबाट विचलित हुने पुस्ता पनि हुर्कंदै गइरहेको छ ।

केही कुरा प्रकृतिले हाम्रै भागमा छुट्याइदिएको छ। जतिसुकै प्रविधिको विकास भए पनि प्रजननको जिम्मेवारी अझै मानव शरीरले बहन गर्नु पर्ने छ। मेडिकल साइन्सले जति प्रगति गर्दै गएको छ, त्यति नै नयाँ स्वास्थ्य समस्याहरु पनि थपिँदै गइरहेका छन् ।

डेढ वर्ष हुन लाग्यो एउटा भाइरसले संसारलाई आफ्नो मुठीमा लिएको छ। महिला स्वास्थ्यमा पनि नयाँ-नयाँ समस्या उत्पति भइरहेका वा बढिरहेका छन्। उदाहरणको लागि पिसिओडी पाठेघरमा हुने मसिनो पानीफोका हो। यसले हर्मोन गडबढ बनाएर महिनावारी, तौलमा असर पुर्याउँछ, तथा सुत्केरी अवस्थामा दूध पनि न्यून मात्रामा आउँछ ।

अहिले यो धेरै महिलामा बढ्दै गइरहेको छ। किनकी यो जंक फूड सेवन, अनिद्रासँग बढी सम्बन्धित देखिने मानिएको छ। यसको समाधानको लागि हामीसँग ठोस उपाय छैन। न हामी पूर्णरुपमा ग्रामिण जीवनयापन गर्न सक्ने अवस्था छ, न पूर्णरुपमा रसायनिक विषादी रहित खानेकुरा खान सम्भव छ ।

यो अवस्था आउने जोखिम न्यूनीकरण र तयारी गर्न सकिन्छ। ग्रामीण महिलाहरुलाई सही पोषणको ज्ञान दिन सकिन्छ भने वा निम्न आय हुनेहरुलाई डाइटिङ प्रकृतिलाई निरुत्साहन गर्नु पर्ने हुन सक्छ ।

हाम्रो देशमा 'ल्याक्टेसन काउन्सिलिङ' को विशेष छैनन्। आमाको दूध संचय गर्ने ब्यांक केही दिन अघिबाट मात्रै प्रसूति गृहमा सुरुआत भएको छ। स्तनपानको महत्वलाई जोड दिएर जति चेतनामूलक कार्यक्रम गरिन्छ ।

यसका कठिनाइलाई हल गर्ने प्राविधिक सहयोगमा पनि वृद्धि गर्नु पर्ने आवश्यकता देखिन्छ। त्यो विशेषज्ञ परामर्श हुन सक्छ। विभिन्न सहायक सामग्री प्रयोग सबै वर्गको पहुँचमा पुग्यो भने अझै सहयोगी हुन सक्छ ।

यो कोरोना महामारी अन्त्य नभइसकेको अवस्थामा अर्थतन्त्र धरासायी भएको अवस्थामा, जनजीवन अस्तव्यस्त भएको अवस्थामा फेरि कोभिडका बिरामीले अस्पताल भरिन थाले भन्ने समाचार आउँदै गर्दा, निश्चित रुपमा स्तनपानका कुराले हाम्रो मनमा धेरै महत्व नपाउन सक्छन् ।

तर आवाजविहीन शिशुको निम्ति त्यही नै सबैथोक हो। र आमाको निम्ति पनि बच्चा नै सबैथोक हो। यस वर्ष स्तनपान गराइरहेकी आमाको चित्रमा पनि मास्क लागेको छ। कोभिड संक्रमित आमाले पनि स्तनपान गराउन मिल्छ। हातको सरसफाइमा भने झनै बढी सर्तकता अपनाउनु पर्छ सेतोपाटी ।


## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

3. यसबाट बच्न के–के गर्ने ?

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

कटहरी गाउँपालिका मोरंग प्रदेश नं. १





यो धुमपानको आदत सजिलो
तरीकाले कहाँ छुट छ,,
पहिले सिग्रेट हामी फुक्छौ, फेरी सिग्रेट
हामीलाई फुकि हाल्छ ।



## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर

# होटलबाट ६ जुवाडे पक्राउ



बिराटनगर । झापा दमक नगरपालिका वडा नं. ८ स्थितमा रहेको पेरुङगो होटलमा तास खेलिरहेको अवस्थामा होटल संचालक सहित ६ जना जुवाडेलाई प्रहरीले पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा दमक नगरपालिका वडा नं. ७ का होटल संचालक ३२ बर्षीय पदम सुब्बा, दमक नगरपालिका वडा नं. ५ का २९ बर्षीय कैलास लिम्बु, सोही स्थानका ३३ बर्षीय मोहन ढुंगाना, दमक नगरपालिका वडा नं. का ३८ बर्षीय द्रोणचार्य कार्की, सोही स्थानका ५० बर्षीय प्रेम सुब्बा र सोही स्थानका ५० बर्षीय भिम सुब्बा रहेका छन् ।

शनिवार वेलुका सो होटलमा जुवाजन्य खेल खेलाईरहेको छ भन्ने बिशेष सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई तास ३ बुङ, नगद १ लाख ६० हजार सहित पक्राउ गरिएको हो । पक्राउ परेका उपर ईलाका प्रहरी कार्यालय दमकबाट थप अनुसन्धान भईरहेको छ ।

## विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।

२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन र्कामा सहयोग गर्ने ।

३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने ।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०

# यस्ता छन् मास्क लगाउँदा बारम्बार हुने पाँच गल्ती र ख्याल गर्नु पर्ने ५ कुरा




मास्क किन प्रयोग गर्ने ?

कोरोना भाइरस एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने माध्यम भनेको बोल्दा, खोक्दा, गीत गाउँदा, हाँच्छ्युँ गर्दा निस्कने स-साना छिटाहरुबाट हो ।

यो भाइरस कुनै लक्षण नदेखिएको मानिसबाट पनि सर्न सक्छ अर्थात् संक्रमितलाई आफू संक्रमति भएको थाहै नभई उसले अरुलाई भाइरस सर्न सक्छ ।

त्यसैले मास्कको मास्क प्रयोग गर्नाले एकातर्फ अन्य व्यक्तिको नाक र मुखमार्फत तपाईंको शरीरमा आउन सक्ने भाइरसबाट बच्न सकिन्छ भने अर्कोतर्फ यदि तपाईं संक्रमति हुनुहन्छ भने तपाईंबाट अन्य मानिसमा संक्रमण सर्दैन ।

मास्क नलगाउँदा हुने जोखिमहरु

आफू संक्रमित हुन सक्ने

मास्क नलगाउँदा संक्रमित व्यक्तिले खोक्दा वा हाँच्छ्यु गर्दा निस्कने थुक र सिँगानको स-साना छिटाको माध्यमबाट संक्रमण सर्न सक्छ ।

आफूले संक्रमण फैलाउन सक्ने

मास्क नलगाए आफूमा लक्षण नदेखिए पनि अरुलाई भाइरस सार्ने सम्भावना भने रहिरहन्छ ।

अन्य सरुवा रोग लाग्न सक्ने

मास्क नलगाउँदा कोभिड-१९ बाट मात्र हैन अन्य सरुवा रोग, धूवाँधूलोबाट पनि संक्रमित हुने सम्भावना बढ्छ ।

जनजीवन अस्तव्यस्त बन्न सक्ने

मास्क नलगाउँदा संक्रमण बढ्ने हुनाले धेरै क्रियाकलापहरुमा प्रतिबन्ध लाग्न सक्छ र जनजीवन पहिले जस्तो सामान्य हुन पाउँदैन ।

कामकाज ठप्प हुन सक्ने

मास्क नलगाए संक्रमित संख्या बढेर महामारी नियन्त्रण गर्न व्यापार व्यवसाय लगायतका कार्यालयहरु बन्द हुन सक्छन् ।

मास्क लगाउँदा यी कुराहरु भने ख्याल गर्नुपर्छः

- मास्क लगाउनु अगाडि मास्क छुने नगरौं ।

- अरु व्यक्तिसंग वार्तालाप गर्दा मास्क नखोलौं ।

-आफूले प्रयोग गरेको मास्क अरुलाई प्रयोग गर्न नदिऔं ।

- भिडभाडमा मास्क खोल्दै नखोलौं ।

- चिउँडो मात्रै छोप्ने गरि मास्क लगाऔं ।

मास्क किन प्रयोग गर्ने ?

कोरोना भाइरस एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने माध्यम भनेको बोल्दा, खोक्दा, गीत गाउँदा, हाँच्छ्युँ गर्दा निस्कने स-साना छिटाहरुबाट हो ।

यो भाइरस कुनै लक्षण नदेखिएको मानिसबाट पनि सर्न सक्छ अर्थात् संक्रमितलाई आफू संक्रमति भएको थाहै नभई उसले अरुलाई भाइरस सर्न सक्छ ।

त्यसैले मास्कको मास्क प्रयोग गर्नाले एकातर्फ अन्य व्यक्तिको नाक र मुखमार्फत तपाईंको शरीरमा आउन सक्ने भाइरसबाट बच्न सकिन्छ भने अर्कोतर्फ यदि तपाईं संक्रमति हुनुहन्छ भने तपाईंबाट अन्य मानिसमा संक्रमण सर्दैन ।

मास्क नलगाउँदा हुने जोखिमहरु

आफू संक्रमित हुन सक्ने

मास्क नलगाउँदा संक्रमित व्यक्तिले खोक्दा वा हाँच्छ्यु गर्दा निस्कने थुक र सिँगानको स-साना छिटाको माध्यमबाट संक्रमण सर्न सक्छ ।

आफूले संक्रमण फैलाउन सक्ने

मास्क नलगाए आफूमा लक्षण नदेखिए पनि अरुलाई भाइरस सार्ने सम्भावना भने रहिरहन्छ ।

अन्य सरुवा रोग लाग्न सक्ने

मास्क नलगाउँदा कोभिड-१९ बाट मात्र हैन अन्य सरुवा रोग, धूवाँधूलोबाट पनि संक्रमित हुने सम्भावना बढ्छ ।

जनजीवन अस्तव्यस्त बन्न सक्ने

मास्क नलगाउँदा संक्रमण बढ्ने हुनाले धेरै क्रियाकलापहरुमा प्रतिबन्ध लाग्न सक्छ र जनजीवन पहिले जस्तो सामान्य हुन पाउँदैन ।

कामकाज ठप्प हुन सक्ने

मास्क नलगाए संक्रमित संख्या बढेर महामारी नियन्त्रण गर्न व्यापार व्यवसाय लगायतका कार्यालयहरु बन्द हुन सक्छन् ।

मास्क लगाउँदा यी कुराहरु भने ख्याल गर्नुपर्छः

- मास्क लगाउनु अगाडि साबुनपानीले राम्ररी हात धुने

- मास्क लगाउँदा वा फुकाल्दा मास्कको अगाडिको भाग नछुने

- नाक मुख र चिउँडो छोपिने गरी मास्क लगाउने

- मास्क फुकालेपछि फेरि साबुनपानीले राम्ररी हात धुन ।

मास्क लगाउँदा बारम्बार हुनसक्ने यी पाँच गल्तीहरु ध्यानमा राखौं

-आफू वा अरु कसैले लगाइरहेको मास्क छुने नगरौं ।

- अरु व्यक्तिसंग वार्तालाप गर्दा मास्क नखोलौं ।

-आफूले प्रयोग गरेको मास्क अरुलाई प्रयोग गर्न नदिऔं ।

- भिडभाडमा मास्क खोल्दै नखोलौं ।

- चिउँडो मात्रै छोप्ने गरि मास्क लगाऔं ।

